नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३९०

मितिः-२०८०/११/१४

ने.सं.११४४ सिल्लागा ०२

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं. ४२८ मिति २०८०/११/०८ को पत्र र सो साथ प्राप्त कार्यसम्पादन मूल्याङ्कन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अङ्क सम्बन्धी विवरण प्रकाशित गरिएको सम्बन्धी सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload तथा ईमेल गरिदिनुहुन।

संघीय मा.म.


# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


प.स: नी.वि. ०८०/८१
च.नं. / Ref: ४२८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३३४२ मिति :२०८०/११/०८
दर्ता मिति:- ११/११ स्थानीय तह (मू-दर्पा)

श्री स्थानीय तह सबै ।

विषय:जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारबाट आ.व २०८१/८२मा यस आयोगको सिफारिशमा वितरण गरिने वित्तीय समानीकरण अनुदान भित्र समावेश हुने कार्य सम्पादनमा आधारित अनुदान सिफारिश प्रयोजनको लागि आयोगले स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कनको लागि तोकेका १७ वटा सूचकहरुको सम्बन्धित निकायबाट प्राप्त तथ्याङ्कका आधारमा मुल्याङ्कन गरि स्थानीय तहले प्राप्त गरेका कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क र तथ्याङ्क प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि,२०७८को दफा ९को प्रयोजनार्थ आयोगको वेभसाइडमा प्रकाशन गरिएको छ । अत:उल्लिखित अङ्क र तथ्याङ्कमा परिमार्जन हुनुपर्ने ठोस आधार र प्रमाण भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (मिति २०८०/११/१४ सम्म) पुनरावलोकनका लागि सोहि कार्यविधिको अनुसूची ५ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सबै स्थानीय तहलाई अनुरोध गरिन्छ ।

२०८०/११/०८

राजु बस्नेत
उप सचिव

बोधार्थ

श्री नेपाल नगरपालिका संघ लाजिम्पाट,काठमाडौं:-सबै महानगरपालिका/उप-महानगरपालिका र नगरपालिकालाई जानकारी गराईदिनुहुन।

श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपाल अनामनगर,काठमाडौं :-सबै गाउँपालिकाहरुलाई जानकारी गराईदिनुहुन ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमाडौं :-ताहा मन्त्रालयको वेभ साइडमा राखी सबै स्थानीय तहहरुलाई जानकारी गराईदिनुहुन ।


सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## सिंहदरवार, काठमाडौं

### कार्यसम्पादन मूल्याङ्कन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अङ्क सम्बन्धी विवरण प्रकाशित गरिएको सम्बन्धी

## सूचना

प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यविधि,२०७८ को दफा ७ को अधिनमा रही प्रदेश तथा स्थानीय तहको लागि निर्धारण गरिएका कार्यसम्पादन सूचकको मुल्याङ्कन गरी अङ्क प्रदान गरिएको व्यहोरा सूचित गरिन्छ। साथै, प्राप्त अङ्क चित्त नबुझेमा सोही कार्यविधिको दफा ९ अनुसार यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक आधार र प्रमाण सहित पुनरावलोकनका लागि आयोग समक्ष अनुसुची-५ को ढाँचामा आयोगको इमेल ठेगाना policy.nnrfc@gmail.com मा निवेदन गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

मितिः २०८०/११/०८

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं